# प्राय: सोधिने प्रश्नहरू (FAQ)

1. 2021-2022 को विद्यालय रोजाइको खुला भर्ना कार्यक्रम कहिले देखि कहिलेसम्म चल्छ ? **जनवरी 7 बिहान 9:00 देखि शुक्रवार, फेब्रुअरी 05, 2021 साँझ 4:00 बजेसम्म**
2. शैक्षिक वर्ष 2021-2022 को खुला भर्ना कार्यक्रममा विद्यालय रोजाइका कुन-कुन कार्यक्रमहरू प्रस्ताव गरिएका छन् ?
   Arabia Mountain High School को क्यारियर प्रविधि पथमार्ग तथा म्याग्नेट कार्यक्रम, चार्टर, कर्मचारी विद्यार्थी स्थानान्तरण अनुरोध, Coralwood/Hawthorne साझेदारी, Ronald McNair Discovery Learning Academy, हाउस बिल 251, दोहोरो भाषामा पोख्त बनाउने कार्यक्रम, अन्तर्राष्ट्रिय ब्याकालरियट, म्याग्नेट, मोन्टेसरी, सेनेट बिल 10, थिम र प्रारम्भिक सिकाइ केन्द्र सहितका सबै कार्यक्रमहरू प्रस्ताव गरिएका छन् ।
3. के म अनलाइन आवेदन दिन सक्छु ? सक्नुहुन्छ, अनलाइन आवेदनहरू http://www.yourchoicedekalb.org मा उपलब्ध छन् ।
4. 2021-2022 को विद्यालय रोजाइको आवेदन कहिले र कहाँ उपलब्ध हुनेछ ?
   http://www.yourchoicedekalb.org मा अनलाइन
5. म कहाँबाट आवेदन दिन सक्छु ?
   तपाईंको आफ्नो व्यक्तिगत कम्प्युटरमा (अनलाइनबाट), स्थानीय पुस्तकालयमा (अनलाइनबाट), विद्यालय रोजाइ कार्यक्रमका खुला भर्ना स्थानहरूबाट: 1192 Clarendon Ave, Avondale Estates, GA 30002 (कोभिड-19 सम्बन्धी वर्तमान निर्देशिकाका आधारमा)
6. विद्यालय रोजाइ कार्यक्रमको लागि आवेदन दिन मलाई इमेल ठेगाना आवश्यक पर्छ ?
   हो । विद्यालय रोजाइ कार्यक्रमहरूको नयाँ अनलाइन खाता सिर्जना गर्न इमेल ठेगाना र पासवर्ड आवश्यक पर्छ ।
7. विद्यालय रोजाइ कार्यक्रमको लागि आवेदन दिन मलाई अभिभावक खाता आवश्यक पर्छ ?
   हो । विद्यालय रोजाइको नयाँ अनलाइन आवेदनको व्यवस्था अनुसार सबै अभिभावकहरूले शैक्षिक वर्ष 2021 - 2022 मा आवेदन दिनका निम्ति खाता बनाउनु जरुरी हुन्छ ।
8. मेरो बच्चा निजी विद्यालय वा गृह विद्यालयको विद्यार्थी हो भने मैले विद्यालय रोजाइ कार्यक्रमको लागि आवेदन दिन सक्छु ?
   हो । खुला भर्ना कार्यक्रम सञ्चालन भएको समयमा र त्यसपछि बच्चाका अभिभावक वा कानूनी अभिभावक अनिवार्य रूपमा DeKalb County School District का वर्तमान बासिन्दा भएको हुनु पर्दछ ।
9. म विद्यालय रोजाइ कार्यक्रमको योग्यतासम्बन्धी मापदण्डहरू कहाँ फेला पार्न सक्छु ?
   योग्यतासम्बन्धी सबै मापदण्डहरू विद्यालय रोजाइको वेबसाइटhttp://www.dekalbschoolsga.org/school-choice/मा अध्ययन गर्न सकिन्छ
10. के मैले आवेदन र सहयाक कागजातपत्र पत्राचार गर्दा हुन्छ ?
    हुँदैन । आवेदन र सहायक कागजातहरू अनिवार्य रूपमा अनलाइनबाटै पेश गर्नु पर्दछ ।
11. के म एकभन्दा बढी विद्यालय रोजाइ कार्यक्रमको लागि आवेदन दिन सक्छु ?
    हो । प्रकाशित योग्यता मापदण्डमा आधारित रहेर तपाईंले आफ्नो बच्चा योग्य भएको कुनै पनि कार्यक्रमको लागि आवेदन दिन सक्नुहुन्छ । यद्यपि, विद्यालय रोजाइको प्रत्येक कार्यक्रममा छनौटसम्बन्धी सीमा हुन्छ ।
12. विद्यालय रोजाइ कार्यक्रममा सहभागी हुनको लागि विद्यार्थीहरूलाई कसरी छनौट गरिन्छ ?
    विद्यार्थीहरूलाई अनियमित र स्वचालित चिट्ठा चयन प्रक्रियाद्वारा छनौट गरिन्छ ।
13. विद्यालय रोजाइ कार्यक्रमको चिट्ठा कहिले र कहाँ सञ्चालन हुन्छ ?
    विद्यालय रोजाइ कार्यक्रमको प्रारम्भिक चिट्ठा मार्च 2021 मा सञ्चालन हुनेछ । नतिजाहरू मार्च 26, 2021 का दिन साँझ 5:00 बजेपछि इमेल मार्फत पठाइनेछ । आवश्यक भएमा, अतिरिक्त चिट्ठा जुनदेखि अगस्त 2021 सम्म सञ्चालन हुन्छ ।
14. सुरुको समयसीमा सकिएपछि पनि विद्यालय रोजाइको आवेदन स्वीकार गरिनेछ ?
    हो । यद्यपि, ढिलो गरी बुझाइएको आवेदनमा सिट सुरक्षित हुन्छ भनेर ग्यारेन्टी गरिँदैन । चिट्ठा कार्यक्रम सञ्चालन भइसकेपछि अतिरिक्त सिट उपलब्ध भएको छ र छनौट गरिएका र प्रतिक्षासूचीमा भएका सबै विद्यार्थीहरूका लागि विद्यालय निर्धारण गरिएको छ भने ढिला गरी आवेदन बुझाएका आवेदकहरूलाई विचार गर्न सकिन्छ । विद्यालय रोजाइ कार्यालयले ढिलो गरी आवेदन बुझाउने आवेदकहरूको प्लेसमेन्टको सम्बन्धमा अभिभावकहरूलाई सम्पर्क गर्नेछ । अगस्त 30, 2020, साँझ 4:00 बजेपछि प्लेसमेन्ट उपलब्ध हुने छैन ।
15. अभिभावकहरूलाई कसरी सूचित गरिन्छ ?
    विद्यालय रोजाइ कार्यालयले चिट्ठाका नतिजाहरूको सम्बन्धमा प्रत्येक आवेदकलाई इमेलद्वारा सूचित गर्नेछ । विद्यार्थी सम्बन्धी जानकारी टेलिफोनबाट उपलब्ध गराइने छैन । आफ्नो बच्चा छनौट भए नभएको हेर्न चिट्ठा हुने दिन, साँझ 5:00 बजे पछि http://www.yourchoicedekalb.org खोल्नुहोस् र "Dashboard" (ड्यासबोर्ड) चयन गर्नुहोस् ।
16. कुनै कार्यक्रममा छनौट भएको खण्डमा विद्यालय रोजाइ कार्यक्रमको विद्यालय साइटमा नाम कहिले दर्ता गराउनु पर्छ ?
    अभिभावकहरूले छनौटसम्बन्धी सूचनामा उल्लेख गरिएको मितिका दौडान विद्यालय रोजाइ कार्यक्रमको विद्यालय साइटमा नाम दर्ता गराउनु पर्छ नभए उक्त सिट अस्वीकृत गरिनेछ र प्रतिक्षासूचीमा रहेका अर्को योग्य विद्यार्थीलाई प्रदान गरिनेछ । निश्चित रजिस्ट्रेसन मिति छनौटको सूचनामा समावेश गरिनेछ ।
17. विद्यालय रोजाइ कार्यक्रमहरूका लागि यातायात उपलब्ध गराइनेछ ?
    विद्यालय रोजाइ कार्यक्रमहरूका लागि DeKalb काउन्टीको अन्तिम यातायात नीति पालना गरिनेछ । 2021-2022 विद्यालय वर्षको अवधिमा, Arabia Mountain High School, Champion Theme Middle School र 2021 - 2022 विद्यालय वर्षको म्याग्नेट कार्यक्रमहरूमा जान र आउनको लागि विद्यार्थीहरू आफ्नो क्षेत्रका निश्चित स्याटलाइट पिकअप स्थानहरूमा उपस्थित हुने छन् । Theme elementary school का विद्यार्थीहरूलाई टोलको यातायात सेवा उपलब्ध गराइन्छ ।
18. विद्यालय रोजाइ कार्यक्रमहरूको प्लेसमेन्ट कहिले समाप्त हुनेछ? अगस्त 30, 2021, साँझ 4:00 बजेसम्म रिक्त सिटहरू पूर्ति गरिनेछ ।
19. म 2021-2022 को विद्यालय रोजाइ कार्यक्रमहरूका बारेमा थप जानकारी कहाँ फेला पार्न सक्छु?
    थप जानकारी http://www.dekalbschoolsga.org/school-choice/मा उपलब्ध छ
20. मैले लगइन र प्राविधिक सहायता सम्बन्धी प्रश्नहरूका लागि कसलाई सम्पर्क गर्नुपर्छ ? 678-676-0050 मा फोन गर्नुहोस्
21. मैले आवेदनमा सहायता वा कार्यक्रमको जानकारीको लागि कसलाई सम्पर्क गर्नुपर्छ ? खुला भर्ना कार्यक्रमको दौडान, कृपया 678.676.0050 मा फोन गरेर विद्यालय रोजाइ कार्यालयलाई सम्पर्क गर्नुहोस् वा School_Choice@dekalbschoolsga.org मा इमेल पठाउनुहोस्

**DCSD का प्रशासनिक कार्यालयहरू बन्द हुने मितिमा अन्तिम मिति परेको खण्डमा भने, अन्तिम मिति पछिको पहिलो कारोबार दिनलाई कागजात बुझाउने अन्तिम मितिको रूपमा मानिनेछ । डिस्ट्रिक्टसँग आवश्यकता अनुसार समयसीमा परिवर्तन गर्ने अधिकार हुन्छ । अन्तिम मिति नाघिसकेपछि कुनै पनि छूट दिइने छैन ।**